Email –uttargayarm@gmail.com

उत्तरगया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा रसुवा

वागमती प्रदेश, नेपाल

प.स.०७६/०७७
च.न.

मिति२०७७/३/२१

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्वन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली , २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था वामोजिम यस गाउँपालिकाका ५ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्वन्धीत वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाचाँमा निवेदन दिई **सम्वत २०७७ श्रावण मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा पत्र नविकरण गराउनुहुन सूचित गरिन्छ ।वालवालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा , वावु , सरंक्षक , माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिने सक्ने छ ।

**सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न आउदाँ ल्याउन पर्ने कागजातहरु /वडा सचिवले सँकलन गर्नूपर्ने कागजातहरु**

- नागरीकता प्रमाणपत्रको प्रतिलिपी,
- वालवालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी,
- सम्वन्धविच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्वन्धविच्छे दर्ताको प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी,
- न्यायिक पृथकीकरण गरी वसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- विवाह नगरेको महिलाको हकमा वडा कार्यालयको सिफारिस,
- आपङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकावाट जारि भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी ( साविकको महिला तथा वालवालिका कार्यालय वा गाविसले वनाएको अपाङ्गता परिचयपत्र मान्य हुने छैन ।

पुनश्च : (१) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीसंग पुराना सामाजिक सुरक्षा परिचयपत्र भएमा उत्त परिचय पत्र खिचि गाउँपालिकाले जारी गरेको नयाँ सामाजिक सुरक्षा परिचयपत्र प्रदान गर्नुहुन ।

(२) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको निर्देशन अनुसार **६० वर्ष भन्दा कम उमेर भएका विधवा र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा** नयाँ दर्ताको लागि विभागवाट अर्को सुचना जारी नभए सम्मको लागि नयाँ दर्ता तथा नविकरण नगर्नुहुन ।

(३) सामाजिक सुरक्षा परिचयपत्र नविकरणको निवेदनको ढाचाँ यसै सुचान साथ संलग्न छ ।

प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७२

# सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्ने निवेदनको ढाचाँ

मिति२०७७................................

श्री वडाअध्यक्षज्यु,

वडा नं............ उत्तरगया गाउँपालिका, रसुवा ।

**विषय : सामाजिक सुरक्षा परिचयपत्र नविकरण गरि पाउँ ।**

उपरोक्त विषयमा सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गरिसक्नुपर्ने प्रावधान वमोजिम आगामी आर्थिक वर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउनको लागि देहायको विवरण सहित यो दरखास्त पेश गरेको छु । मैले राज्यकोषबाट मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारको अन्य कुनै पनि सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउला ।

**सामाजिक सुरक्षा भत्ताको किसिम(उपयुक्त कुनै एकमा चिन्ह लगाउने )**

जेष्ठ नागरीक /अति अशक्त अपाङ्गता /पुर्ण अपाङ्गता/असहाय एकल महिला(विधुवा)/लोपन्मुख आदिवासी जनजाती/वालवालिका

निवेदकको

दस्तखत :

लाभग्राहीको नाम थर :

ठेगाना :

लिङ्ग :

परिचयपत्र नं.

सम्पर्क नम्वर :

वालवालिका वा अपाङ्गताको हकमा :

संरक्षकको नाम थर:

संरक्षको दस्तखत :

सम्पर्क मोवाईल नं:

| |
|---|
| कार्यालय प्रयोजनको लागि |
| परिचयपत्र नविकरण निर्णय मिति : |
| भत्ताको किसिम : परिचयपत्र .न |